# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ६)　　संख्याः ३　　मितिः भाद्र १३ गते २०७९

भाग : १

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७९ गाउँशिक्षा ऐन (प्रथम संशोधन) न. ३

**प्रस्तावनाः गाउशिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गाउ शिक्षा ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी गाउपालिकाको गाउ सभाले यो ऐन बनाएको छ ।**

**१.संक्षिप्त नामर प्रारम्भः-**

(क) यस ऐनको नाम "यशोधरा गाउँपालिका, शिक्षा ऐन ( प्रथम संशोधन)- २०७९" रहेको छ ।

(ख) यो ऐन यशोधरा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

२. **गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (च) मा संशोधन :** समाजसेवी वा शिक्षा प्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एक जना दलित सहित तथा अल्पसंख्यक सहित दुइ जनामा अल्पसंख्यक शब्द झिकिएको छ साथै दुईको ठाउँमा ३ जना सदस्य रहने व्यवस्था गरिएको छ ।

३. **गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (छ) मा संशोधन :** शिक्षण पेशामा उच्च योगदान पुर्‍याएका सामुदायिक तथा संस्थागत विद्यालयको तर्फबाट सम्बन्धित संगठनले तोकेको शिक्षकहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयबाट एक-

एक जना पर्ने गरी दुइ जना सदस्यमा सम्बन्धित संगठनले तोकेको शिक्षकहरु मध्येबाट भन्ने शब्द झिकिएको छ र अध्यक्षले मनोनित गरेका सट्टामा गाउँ शिक्षा समितिले मनोनित गर्ने शब्द राखिएको छ ।

४. गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (ख) मा संशोधन : गाउँपालिका अध्यक्षले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक वा गाउँ कार्यपालिकाको सदस्य ।

५. **गाउँ शिक्षा ऐन २०७५ को दफा १० मा संशोधन :** गाउँशिक्षा समितिको काम कर्तव्य र अधिकारमा देहायको बुदाँ थप गरिएको छ ।

बुदाँ नं फ थप : शैक्षिक संस्थासँग अवद्ध विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यक प्रोत्साहन, दण्ड सजाय सम्बन्धि तोकिए अनुसार कार्य गर्ने गराउने ।

आज्ञाले,

नामः तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत